http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ३, अङ्क ३, २०७२ असोज Year 3, Issue 3, October 2015

## राजस्व संकलन २१ प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७२/०७३ भदौ मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा करिब २१ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७१/०७२ भदौ महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. २२ अर्ब ८५ करोड ७५ लाख १९ हजार रहेकोमा रु. २२ अर्ब ३२ करोड ८२ लाख १९ हजार संकलन भई लक्ष्यको तुलनामा ९८ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ८ अर्ब ९६ करोड १० लाख ४२ हजार, मूल्य अभिवृद्धि कर रु. ९ अर्ब १२ करोड ४७ लाख १० हजार र अन्तःशुल्क तर्फ रु. ३ अर्ब ९७ करोड ५० लाख ९८ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९८ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०५ प्रतिशत र अन्तशुल्क तर्फ ८५ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. १० करोड ७ लाख रु. १६ करोड ६६ लाख ६९ हजार संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८९ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ७६ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर १२२ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १३१ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १०३ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १११ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १२४ प्रतिशत रहेको छ।

## करदाता शिक्षा अभिवृद्धि गर्न
# समझदारी पत्रमा हस्ताक्षर



सम्झौता पत्रको आदान प्रदान गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री पशुपति मुरारका

काठमाडौं। साना तथा मझौला करदाताहरुलाई कर सम्बन्धी शिक्षा प्रदान गरी कर कानूनले निर्दिष्ट गरेका व्यवस्थाहरु परिपालना तथा कर सहभागिता अभिवृद्धिका लागि आन्तरिक राजस्व विभागको तर्फबाट महानिर्देशक श्री चुडामणि शर्मा तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री पशुपति मुरारकाले समझदारी पत्रमा असोज १९ गते हस्ताक्षर गर्नु भएको छ। करदाता शिक्षाका लागि ६ दिन सम्म सञ्चालन भएको प्रशिक्षक प्रशिक्षण कार्यक्रमको समापनका अवसरमा हस्ताक्षर भएको हो।

महानिर्देशक श्री चुडामणि शर्माले करदातालाई कर सम्बन्धी विषयमा शिक्षित बनाउने कार्यक्रम साउन महिनादेखि नै शुरुवात गर्ने विभागको सोच हुँदा हुँदै विविध कारणले सम्पन्न गर्न केही ढिलो हुन गएको बताउनुभयो। आन्तरिक राजस्व विभाग, नेपाल उद्योग वाणिज्य महासंघ, ICAN, GIZ को समन्वयमा करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न लागिएको बताउनुहुँदै प्रशिक्षकहरुलाई सार्थक सहभागिताका लागि धन्यवाद दिनुहुँदै ६ दिन सम्म कर सम्बन्धी ज्ञान हासिल गरेका प्रशिक्षकहरुलाई जिल्ला जिल्लामा ज्यामितीय रुपमा कार्यक्रम लैजान उहाँले निर्देशन समेत दिनुभयो। साथै प्रशिक्षकहरुलाई करदाता र कर प्रशासनको दूतको रुपमा अगाडि बढ्न आग्रह गर्नुहुँदै करदाताहरुलाई दर्ताको निवेदन फारम परिमार्जनको प्रकृयामा रहेकोले दायरामा नआएकालाई सम्झाउने, सिकाउने

बाँकी ३ पेजमा....

### आँखीझ्याल

आर्थिक ऐन २०७२ का सम्बन्धमा छलफल — पृष्ठ ४

कार्यालय परिचय
- आन्तरिक राजस्व कार्यालय, भरतपुर
- आन्तरिक राजस्व कार्यालय, हेटौंडा
- करदाता सेवा कार्यालय, नयाँ वानेश्वर

पृष्ठ ६-११

वर्ष ३, अङ्क ३, २०७२ असोज Year 3, Issue 3, October 2015



# महानिर्देशकको सन्देश

**आगामी दिनमा हामी राज्यले सुम्पेका गहन जिम्मेवारी पूरा गर्नु पर्ने छ । हाले जारी भएको संविधान बमोजिम संघीय ढाँचाको राजस्व र संगठनात्मक संरचना निर्माण गर्नु छ । हाल भएको संगठनात्मक संरचनामा सुधार गर्नु पर्ने छ । अन्तराष्ट्रिय मापदण्ड अनुसार हाम्रो ऐन कानूनहरुमा समय सापेक्ष सुधार गर्दै जानुछ । सूचना प्रविधिले ल्याएको परिवर्तनलाई आत्मसात गरी सुधार र प्रयोग गर्दै जानु पर्ने र विश्व ब्यापार क्षेत्रमा आएको नवीन प्रविधि, विद्युतीय विधिबाट हुने ब्यापारको कराधारलाई सुरक्षित गर्नु पर्ने हाम्रो दायित्व रहेको छ ।**

आर्थिक वर्ष २०७२/०७३ को पहिलो ३ महिना व्यतित भैसकेको छ। यस बीचमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण सहितको नेपालको संविधान जारी भएको छ। नेपाल र नेपालीको उज्ज्वल भविष्यको परिकल्पनालाई साकार पार्ने मुख्य दस्तावेजको रुपमा हामीले संविधान प्राप्त गरेका छौं। संविधानमा अपेक्षा गरिएका आकांक्षा तथा चाहनाको परिपूर्तिको लागि आन्तरिक श्रोतको परिचालन नै एउटा महत्वपूर्ण आधार रहेको कुरा विदितै छ। मुलुकमा हाल एकातर्फ भौतिक पूर्वाधार निर्माण गर्ने, दैनिक प्रशासन संचालन देखि सामाजिक सुरक्षा तथा न्याय प्रदान गर्नु पर्ने जस्ता नियमित कार्यको लागि राज्यले पर्याप्त स्रोतको आवश्यकता छ भने अर्को तर्फ २०७२ वैशाखमा गएको भूकम्पबाट भएको ठूलो क्षतिको फलस्वरुप पुन निर्माण पुनर्स्थापना तथा नव निर्माणको लागि पनि पर्याप्त साधन स्रोतको आवश्यकता छ। उक्त कार्यको लागि स्रोत व्यवस्थापनको गहन जिम्मेवारी कर प्रशासनको काँधमा रहेको छ।

यस आर्थिक वर्षको विगत ३ महिनामा हामीले धेरै कार्य सम्पादन गरिसकेका छौं। कार्यालयहरुलाई कार्य योजना सहितको लक्ष्य तोकी कार्यन्वयन भै सकेको छ। डाटा सुरक्षाको लागि Disaster Recovery Center संचालनमा ल्याई सकिएको छ। विभागको वेभसाइट अद्यावधिक गरिएको छ। कर्मचारीको सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउन Human Resource Information System (HRIS) मा Data Entry को कार्य प्रारम्भ भैसकेको छ। उपत्यका बाहिरका १२ जिल्लामा Revenue Management Information System (RMIS) लागू भई ११ जिल्लामा कार्य सुचारु समेत भई सकेको छ। GIZ को सहभागितामा ICAN, FNCCI सँग Piloting को रुपमा ५ जिल्लामा १० जना प्रशिक्षकलाई तालिम दिई उद्योग वाणिज्य महासंघसँग करदाता शिक्षा अभिवृद्धि गर्ने समझदारी पत्रमा हस्ताक्षर भई सकेको छ। कतिपय महत्वपूर्ण निर्देशिकाहरु परिमार्जन, सुधार तथा अद्यावधिक गर्ने कार्य प्रकृयामा रहेको छ भने करदाताको अभिलेखलाई अद्यावधिक गर्न Know Your Taxpayer (KYT) कार्यक्रम सञ्चालन गर्ने तथा करदाताको सूचनामा पहुँच बढाउने कार्य प्रारम्भ भइ सकेको छ।

उपर्युक्त कार्य सम्पादन हुँदा हुँदै पनि हाल देशमा राजस्व असुलीको प्रतिकूल अवस्था देखिएको छ। देशका तराईको विभिन्न भागमा बन्द हड्तालको कारणले गर्दा आर्थिक कृयाकलापमा अवरोध सिर्जना भएको छ। तराईका कतिपय कार्यालयहरु संचालनमा आउन सकेका छैनन्। श्रावण महिनामा वार्षिक लक्ष्यको १०३ प्रतिशत तथा विगत वर्षको तुलनामा १२८ प्रतिशत राजस्व असुली भएकोमा पछिल्ला महिनामा राजस्व लक्ष्य अनुसार संकलन हुन सकेको छैन। आयात, निर्यात प्रायः ठप्प छ। आर्थिक क्रियाकलाप, ठेक्का, व्यापार, पर्यटन लगायतका क्षेत्रहरुमा नकारात्मक असर परेको छ। पेट्रोलियम पदार्थको सहज र पर्याप्त आपूर्ति हुन नसक्दा आर्थिक क्रियाकलापको क्षेत्र नराम्रोसंग प्रभावित भएको छ। आश्विन लगत्तै चाड पर्वले गर्दा पनि व्यापार व्यवसायमा प्रभाव पर्न जाने देखिन्छ। समग्र क्रियाकलापमा गैर कर अवरोधले राजस्व असुलीमा व्यापक रुपमा नकारात्मक ढंगले प्रभाव परेको छ।

यिनै असहज परिस्थितिलाई मध्यनजर गरी करदातालाई पुग्न गएको असुविधाको समेत विचार गर्दै आर्थिक कारोवारको विवरण बुझाउने समयलाई थप गरी २०७२ कार्तिक २५ गतेसम्म विवरण बुझाउन पाउने गरी म्याद थप गरिएको छ। यस असहज परिस्थितिमा कर चुहावटको संभावना पनि त्यतिकै रहेको हुन्छ। यस प्रतिकूल अवस्थामा कर प्रशासनले सुझबुझका साथ कार्य सम्पन्न गर्नु आजको आवश्यकता हो। आफ्नो कार्य सम्पादनलाई पारदर्शी रुपमा संचालन गर्ने, सेवालाई प्रभावकारी बनाउने, करदाता मैत्री प्रशासनको अवधारणा अनुरुप कार्य सम्पादन गर्ने, कार्यप्रति प्रतिवद्धता र इमान्दारीताका साथ अगाडि बढिरहने, राजस्व नीति तथा त्यसले मार्ग दर्शन गरेका कार्यहरुलाई कार्यान्वयन गर्न अग्रसर रहने, व्यावसायिकता, क्रियाशिलतालाई अझ मजबुत बनाउँदै कार्य क्षेत्रमा लाग्न सकेमा हामीले प्रतिकूल परिस्थितिको असरलाई धेरै हदसम्म न्यून गर्न सक्छौं भन्ने मैले अपेक्षा गरेको छु। हाम्रो लगनशीलता र क्रियाशिलताले नै असम्भव कार्यलाई पनि सम्भव बनाउँछ।

आगामी दिनमा हामी राज्यले सुम्पेका गहन जिम्मेवारी पूरा गर्नु पर्ने छ। हाले जारी भएको संविधान बमोजिम संघीय ढाँचाको राजस्व र संगठनात्मक संरचना निर्माण गर्नु छ। हाल भएको संगठनात्मक संरचनामा सुधार गर्नु पर्ने छ। अन्तराष्ट्रिय मापदण्ड अनुसार हाम्रो ऐन कानूनहरुमा समय सापेक्ष सुधार गर्दै जानुछ। सूचना प्रविधिले ल्याएको परिवर्तनलाई आत्मसात गरी सुधार र प्रयोग गर्दै जानु पर्ने र विश्व ब्यापार क्षेत्रमा आएको नवीन प्रविधि, विद्युतीय विधिबाट हुने ब्यापारको कराधारलाई सुरक्षित गर्नु पर्ने हाम्रो दायित्व रहेको छ। यिनै दायित्वहरु पूरा गर्दै समग्र राजस्व परिचालनमा सकारात्मक योगदान पुर्‍याउने अभिप्रायले आ-आफ्ना गतिविधि र क्रियाकलाप अगाडि बढाउन म कर प्रशासन परिवार, करदाता र अन्य सम्बद्ध व्यक्ति तथा संघ संस्थाहरु सबैमा अनुरोध गर्दछु।

अन्त्यमा अब आउन लागेको नेपालीहरुको महान चाड विजया दशमी, शुभ दीपावली, छठ, नेपाल सम्वतको पावन अवसरमा शुभकामना व्यक्त गर्न चाहन्छु। यस चाडले हामी सबैको सदैव राष्ट्रप्रतिको दायित्व, क्रियाशिलता, इमान्दारिता र कर्तव्य परायण हुँदै आफ्नो कार्य अगाडि बढ्न प्रेरणा देओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

कात्तिक, २०७२

**चुडामणि शर्मा**
महानिर्देशक



व्यक्तिगत आय हुनेले व्यक्तिगत स्थायी लेखा नम्बर लिऔं।

## १ पेजको बांकी...

कर सहभागिता अभिवृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याउन आग्रह गर्नुभयो ।

महानिर्देशक शर्माले दण्डहिनता बढेको बताउनुहुंदै समयमा कर नतिर्ने, दर्ता नहुने, नक्कली बिल बिजकको प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्ने कार्यमा प्रशिक्षकहरुको भूमिका प्रभावकारी हुने बताउनुहुँदै कर चुहावटको विषयमा गम्भीर हुन पनि निर्देशन दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री पशुपति मुरारकाले प्रशिक्षकहरु तयार भएकाले करदाताहरुले कर सम्बन्धी विषयमा ज्ञान हासिल गर्न सक्ने बताउनुभयो। उहाँले कर प्रशासन र व्यवसायीको दूतको रुपमा प्रशिक्षकहरुले काम गर्नु पर्ने बताउनुहुँदै करदातालाई कर तिर्ने चाहना हुँदा हुँदै पनि कतिपय झण्झटले, करदाता शिक्षा तथा सूचनाको कमी जस्ता कारणले गर्दा अप्ठेरो परेको बताउनुभयो। कर तिर्नु सबै नागरिकको दायित्व रहेको बताउनुहुँदै करदाताहरुका व्यवसाय वृद्धि र झण्झट रहित व्यवसाय सञ्चालनका लागि प्रशिक्षकहरुको भूमिका प्रभावकारी हुने उहाँको अपेक्षा थियो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री दिनेश श्रेष्ठले कर शिक्षा दिनको लागि प्रशिक्षकहरुको भूमिकाले देशलाई समृद्धि तर्फ लान सहयोग गर्ने बताउनुभयो । करदाताले कर कार्यालय नगई घरमा बसेर नै कर तिर्न सक्ने व्यवस्थालाई अझै प्रभावकारी बनाउनुपर्ने बताउनुहुदै करदातालाई परेको समस्या समाधान गर्नको लागि प्रशिक्षकहरुको भूमिका प्रभावकारी होस् भन्नुभयो। उहाँले कर तिर्न चाहँदा चाहँदै पनि, फर्म भर्न नजान्ने, कार्यालयको पहुँच टाढा हुने, करदाताले कर तिर्नकै लागि लागत बढ्ने जस्ता समस्या समाधान गर्ने तर्फ प्रशिक्षकहरुले प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा गर्नुभयो।

नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि श्री सौरभ ज्योतिले सरल भन्दा सरल किसिमले प्रशिक्षकहरुले बुझाउन सकेकामा खुशी लागेको बताउनुहुँदै करको दर वृद्धि गर्नुभन्दा दायरा विस्तार गर्नुपर्ने र त्यस कार्यमा प्रशिक्षकको ठूलो भूमिका रहने जानकारी दिनुभयो। नागरिकलाई सडक, बाटो घाटो, अस्पताल, पानी, विजुली राज्यले उपलब्ध गराउने हुँदा त्यसको लागि सबैले कर तिर्नुपर्ने दायित्व भएको उहाँको भनाइ थियो ।





सहभागी प्रशिक्षकको तर्फबाट मोहम्मद जुवेग राईले आफूहरुले ६ दिनसम्म सिकेका कर सम्बन्धी विषयले हजारौंलाई प्रशिक्षक बनाउने बताउनुभयो । आफूहरुले सञ्चालन गर्ने कार्यक्रमले राजस्व वृद्धिमा सहयोग पुग्ने बताउनुहुँदै साना करदाताहरुलाई परेको समस्या आफूहरुले समाधान गर्ने बताउनुभयो । ढिलै शुरुवात भए पनि कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

साना तथा मझौला करदाता शिक्षाका लागि स्थानीय स्तरमा नै प्रशिक्षक तयार गर्न नेपाल चार्टड एकाउन्टेण्ट संस्थाको सहयोगमा नमूना जिल्लाको रुपमा कैलाली, बाँके, दाङ, रुपन्देही तथा काभ्रेपलान्चोक जिल्लालाई छनौट गरी प्रत्येक जिल्लाबाट दुई दुई जना प्रशिक्षार्थी छनौट गरी ६ दिवसीय प्रशिक्षक प्रशिक्षणमा सहभागी गराइएको थियो ।

तालिम प्राप्त प्रशिक्षकहरुले स्थानीय उद्योग वाणिज्य संघहरुले एक वर्षसम्म आयोजना गर्ने १० वटा तालिम (पर्यवेक्षण तालिम बाहेक) का लागि उपलब्ध हुनुपर्नेछ। कर प्रशिक्षकले तालिमपश्चात् आन्तरिक राजस्व विभागले स्वीकृत प्रदान गरेको ३ वटा मोडलमा तालिम दिनुपर्नेछ भने प्रशिक्षक प्रशिक्षण प्राप्त शिक्षार्थीहरुले नेपाल एकाउन्टेन्ट संस्थाको सुपरिवेक्षण तथा अनुगमनमा सम्बन्धित स्थानीय उद्योग वाणिज्य संघको समन्वयमा कम्तिमा २० जना करदाताको सहभागितामा दुइ वटा पर्यवेक्षण तालिम तथा दुई थप पर्यवेक्षण तालिम दिनेछन् ।

करदाता शिक्षा सम्बन्धी कार्यक्रमको अनुगमन गर्न आन्तरिक राजस्व विभाग, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चार्टड एकाउन्टेन्ट संस्था लगायतका सरोकारवाला संस्थाहरुको सहभागितामा एक निर्देशक समिति गठन गरिने बताइएको छ ।

कर सम्बन्धी तालिमका लागि करदाताको स्तर अनुसार तीन किसिमका विषय वस्तुमा तालिमको व्यवस्था गरिएको थियो । तालिमको विषय वस्तुको तयारी, तालिमको संयोजन लगायतका व्यवस्थामा नेपाल चार्टड एकाण्टेण्ट संस्थाको सहयोगमा गरिएको थियो । विशेष गरी बार्षिक रु २० लाखसम्म कारोबार भएका करदाताको लागि, रु २० देखि ५० लाखसम्म कारोबार भएका करदाताको लागि विवरण भर्ने, समय, लाग्ने कर बारेमा तालिम दिइएको थियो ।

यसले कर शिक्षालाई घरघरमा पुऱ्याउने तथा स्वच्छ र स्वस्थ्य व्यापार गर्न चाहने व्यक्तिलाई प्रोत्साहन हुने, व्यवसाय पारदर्शी बनाउन मद्दत भई कर सहभागिता अभिवृद्धि गर्ने विश्वास लिइएको छ ।

हाल नमुना जिल्लाहरुको प्रभावकारितालाई हेरी प्रशिक्षकको छनोटका लागि सम्बन्धित जिल्लास्थित अर्थशास्त्र, व्यवस्थापन तथा कानूनमा कम्तिमा स्नातक

बांकी ५ पेजमा...

# आर्थिक ऐन २०७२ का सम्बन्धमा छलफल



कार्यक्रमको उद्घाटन गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

काठमाडौं । आर्थिक वर्ष २०७२/०७३ मा व्यवस्था भएको राजस्व नीतिहरुले खुद्रा व्यापारी तथा साना करदाताहरुलाई पारेको प्रभाव सम्बन्धी अन्तर्क्रिया कार्यक्रम असोज ८ गते शुक्रवार होटल अर्किडमा सम्पन्न भएको छ ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले आर्थिक ऐन २०७२ मा भएको व्यवस्थाका सम्बन्धमा व्यवसायीहरुको जिज्ञासाको समाधान गर्नु भएको थियो । महानिर्देशक शर्माले मूल्य अभिवृद्धि करको थ्रेस होल्ड बढाउने विषयमा व्यवसायी बीचमै मत मतान्तर भएको बताउनुहुँदै कसैले एक करोड पुऱ्याउनु पर्ने, कसैले थ्रेस होल्ड नै राख्न नहुने त कसैले विद्यमान व्यवस्था नै ठीक भनिरहेको सन्दर्भ जोड्नुहुँदै गत वर्ष सरकारले उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गरेको थियो र सोही आयोगको सिफारिसमा व्यवसायीहरुको कारोवारको अध्ययन गरेर सबैलाई सन्तुलनमा राख्न थ्रेस होल्डको रकम ५० लाख रुपैया पुऱ्याइएको जानकारी दिनुभयो ।

कर प्रशासनको कार्यविधिलाई सरलीकृत बनाउदै लैजाने प्रतिवद्धता व्यक्त गर्नुहुँदै व्यवसायीहरुलाई व्यवसायिक वातावरण बनाउन व्यवसायीको वर्गीकरण गर्ने र साना व्यवसायीलाई कर प्रशासनमा सरलीकृत गरिने पनि बताउनुभयो । २० लाखदेखि ५० लाख भित्रको कारोवार गर्ने व्यवसायीको हकमा कारोवारमा आधारित करको व्यवस्था गरिएको बताउनुहुँदै व्यवसायीलाई कुनै किसिमको समस्या भए उजागर गर्न आग्रह गर्नुहुँदै सरकारलाई छल्ने काम नगर्न चेतावनी दिनुभयो । उहाँले कुनै समस्या भए कानुन सम्मत ढंगले समाधान गर्न आफू तयार रहेको समेत बताउनुभयो । महानिर्देशक शर्माले कर र मृत्यु सुनिश्चित भएकाले यसबाट मुक्ति नपाइने बताउनुभयो ।

सबै विचौलिया खराव नभए पनि केही विचौलियाका कारण व्यवसायी र कर प्रशासनबीच समस्या निम्त्याएको बताउनुहुँदै कसैले अनुचित काम गर्न खोजे त्यसको निराकरणका लागि विभागमा सम्पर्क गर्न पनि अनुरोध गर्नुभयो ।

करदातामैत्री कर प्रशासनको लागि विभाग प्रयत्नरत रहेको जानकारी दिनुहुँदै सरकारले निजी क्षेत्रसँग मिलेर करका विषयमा सचेतना कार्यक्रम देशव्यापी रुपमा सुरु गर्न लागेको जानकारी दिनुभयो ।

महानिर्देशक श्री शर्माले मिसम्याच कर अधिकृतले गरेको नभई करदाताले खरीद विक्रीको सही विवरण विधि सम्मत ढंगले पेश नगरेकै कारण भएको बताउनुहुँदै कसैले बेइमानी गरेको छ भने भेरिफिकेसनबाट पत्ता लाग्ने बताउनुभयो । उहाँले विधिसम्मत ढंगले अभिलेख राख्न आग्रह गर्नुहुँदै मानिसको जस्तै व्यवसायको पनि जीवन हुने भएकाले मानिसको जीवन र व्यवसायको जीवनका बीचमा तुलना गर्नु भएको थियो ।

महानिर्देशक शर्माले भूकम्पबाट पूर्ण रुपमा व्यवसाय ध्वस्त भएका पूर्व अनुमानित आय विवरण बुझाउने साना करदाताले जिल्ला दैवी प्रकोप उद्दार समितिको सिफारिससहित आय विवरण बुझाएमा आर्थिक वर्ष २०७१/०७२ मा लागेको आयकर, घर बहाल कर र अन्तःशुल्क इजाजत नविकरण दस्तुर मिन्हा हुने व्यवस्था गरिएको जानकारी दिनुभयो ।

श्री शर्माले आर्थिक ऐन २०७२ मा आयकर ऐन, २०३१ बमोजिमको आयकर र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटेल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम २०६० साल असार मसान्तसम्म लगत कायम भई असुल उपर हुन नसकेका बक्यौता करमध्ये प्रति लगत बीस हजार रुपैयासम्मको बक्यौता कर र सोमा लागेको ब्याज मिन्हा गरिएको बताउनुभयो ।

महानिर्देशक शर्माले कर फछ्र्यौट आयोग गठन भएको जानकारी दिनुहुँदै हाल कार्यान्वयनमा रहेका आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२, अन्तःशुल्क ऐन २०५८, मदिरा ऐन २०३१, भन्सार ऐन २०६४ तथा यी ऐनभन्दा अगाडि प्रचलनमा रहेका तत् तत् कर कानूनहरु अनुसार आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको कर निर्धारण तथा महसूल निर्धारण २०७१ असार मसान्तसम्म भै सो उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका कर तथा महसूल निर्धारण सम्बन्धी विषय, विभिन्न आर्थिक ऐन तथा अध्यादेशमा गरिएका व्यवस्था अनुसार संकलन गरिने शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर कार्यान्वयनका क्रममा कर प्रशासनबाट आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको २०७१ असार मसान्तसम्म निर्धारित शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका विषय, करदाताबाट एउटा राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने राजस्व रकम भूलवस अर्को राजस्व शीर्षकमा दाखिला हुन गई कायम भएको बक्यौता सम्बन्धी विषय, आन्तरिक राजस्व विभाग तथा भन्सार विभागले प्रशासन गर्ने कर सम्बन्धी ऐन नियम अनुसार संकलन गर्नुपर्ने कर तथा महसूल संकलन नभै आर्थिक

वर्ष २०६९/०७० सम्मको अवधिको राजस्व बक्यौता सम्बन्धी विषय आयोगको क्षेत्राधिकार भित्र रहेको बताउनुभयो ।

आयोगको समयावधि २०७२ असोज मसान्तसम्म रहेको बताउनुहुँदै विगतमा नक्कली मूल्य अभिवृद्धि कर विजक प्रकरणमा छनौट भै परीक्षण तथा अनुसन्धान गर्दा नक्कली विजक प्रयोग गरी कर छली गरेको पुष्टि भई कर निर्धारण भएका विषय आयोगको कार्यक्षेत्र अन्तर्गत नपर्ने पनि बताउनुभयो


नेपाल खुद्रा व्यापार संघका अध्यक्ष श्री पवित्र बज्राचार्यले आफ्नो समस्यालाई समयमा आवाज नउठाउने, समस्या परिसकेपछि भौतारिने प्रवृत्ति साना व्यवसायीमा बढेको बताउनुभयो। व्यवसाय आफू गर्ने विवरण बुझाउने काम अरुलाई लगाउने, समय समयमा आफ्नो व्यवसायको अवस्था के छ भनेर नबुझ्नाले व्यवसायीहरुले दुःख पाइरहेको बताउनुभयो । समयमा आय विवरण नबुझाउने, अप्ठेरो परेपछि संघलाई गुहार्ने अवस्था बढेको बताउनुहुँदै ऐन कानुन मलाई थाहा छैन भनेर कुनै व्यवसायीले उम्कन नपाउने बताउनुभयो। व्यवसाय शुरुवात गर्नु अघि ऐन कानुनलाई बुझेर मात्रै शुरुवात गर्न आग्रह गर्नुहुँदै सबै मानिस सबै कुरामा विज्ञ नहुन सक्छन् भन्नुभयो। ५-७ वर्षदेखि मूल्य अभिवृद्धि करको थ्रेस होल्ड बढाउनु पर्छ भनेर साना व्यवसायीहरुले माग गर्दै आएकोमा यस वर्ष थ्रेस होल्ड बढेर ५० लाख पुर्‍याएकोमा सरकारलाई धन्यवाद पनि दिनुभयो । व्यापार व्यवसाय गरेपछि, आय आर्जन गरेपछि कर तिर्नुपर्ने उहाँको भनाई थियो । खाद्यान्नको कारोवार गर्नेको सवालमा आगामी वर्ष मूल्य अभिवृद्धि करको थ्रेस होल्ड १ करोड पुर्‍याइदिन अनुरोध गर्नुहुँदै सर्वसाधारणहरुको आकर्षण डिपार्टमेन्टल स्टोरतिर बढ्दै जाँदा खुद्रा व्यवसायीहरु मर्कामा परेको पनि बताउनुभयो।

नेपाल खुद्रा व्यापार संघका कोषाध्यक्ष श्री राजकुमार श्रेष्ठले नेपाल खुद्रा व्यापार संघमा आवद्धहरु स्वरोजगार गरेर व्यवसाय गर्दै आएकाले व्यवसायीलाई करमा सहुलियत दिन सके व्यापार व्यवसाय अभिवृद्धि गर्न सहज हुने बताउनुभयो ।

उपस्थित व्यवसायीहरुले नजिकिदै गरेको चाड पर्व र केही जिल्लाहरुमा देखिएको असहज परिस्थितिले राजधानीमा आपूर्तिमा समस्या भएकोमा कालो बजारी हुन सक्ने तर्फ सचेत हुन पनि आग्रह गरेका थिए । कार्यक्रममा ललितपुर खुद्रा व्यापार संघका अध्यक्ष श्री राजेन्द्र भण्डारीलगायतको उपस्थिति रहेको थियो ।

३ पेजको बाँकी...




भएका अनुभवि व्यक्तिहरुको आवेदन माग गरी प्रत्येक जिल्लाबाट दुई जनाका दरले छनोट गरिएको छ । प्रशिक्षक प्रशिक्षण तालिममा सहभागिले सम्बन्धित जिल्लामा एक वर्षमा पर्यवेक्षण तालिम समेत कम्तिमा १४ वटा तालिम संचालन हुनेछ ।

यस नमुना तालिमको लागि सहयोग नेपाल जर्मन राजस्व प्रशासनिक सहयोग परियोजना (RAS ) बाट भएको छ । नेपाल-जर्मन राजस्व प्रशासनिक सहयोग परियोजना (RAS) नेपाल सरकारको आन्तरिक राजस्व विभागको मार्गनिर्देशनमा कार्यान्वयन भैरहेको छ । यस परियोजनाका लागि आवश्यक प्राविधिक सहयोग जर्मन सङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालयको (BMZ) तर्फबाट जी.आइ.जेडले (GIZ) उपलब्ध गराइरहेको तथा डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (DANIDA) को आर्थिक सहयोगमा कार्यान्वयन भैरहेकोछ ।

नेपालको कर सम्बन्धी व्यवस्था कर कानून तथा कर प्रशासनमा निकै सुधार आए पनि करदाताको सो अनुरुप दक्षतामा अभिवृद्धि हुन नसकेको कर कानूनले निर्दिष्ट गरेका व्यवस्थाहरुको परिपालनामा कठिनाई भएको तथा नयाँ सर्न्दभमा करदातामा शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन हुन सकेमा कर सहभागिता उत्साह जनक रुपमा वृद्धि हुने महशुस गरी आन्तरिक राजस्व विभाग तथा नेपाल उद्योग वाणिज्य महासंघको समझदारीमा करदातासंग सर्वेक्षण गरी करदाता शिक्षालाई व्यापक बनाउन स्थानीय स्तरमा कर प्रशिक्षक तयार गर्ने उद्देश्यले ६ दिवसीय प्रशिक्षक प्रशिक्षणमा सहभागी गराईएको हो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री राममणि दुवाडी, श्री लक्ष्मीप्रसाद यादव, विभागका निर्देशकहरु, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री शेखर गोल्छालगायतको उपस्थिति रहेको थियो ।

# आन्तरिक राजस्व कार्यालय, भरतपुर




## परिचयः

आन्तरिक राजस्व कार्यालय भरतपुरको स्थापना वि.सं २०५८ साल साउनमा भएको हो। नेपाल सरकारले २०५८ सालमा तत्कालिन अन्तःशुल्क विभाग, कर विभाग तथा मूल्य अभिवृद्धि कर विभाग समेतको एकिकरण गरी आन्तरिक राजस्व विभागको स्थापना गरे संगै यस कार्यालयको स्थापना भएको हो। यस कार्यालयले चितवन जिल्ला पूरै तथा नवलपरासी जिल्लाको दाउन्ने पूर्वको नवलपुर क्षेत्रलाई कार्यक्षेत्र बनाई हाल करिब ४२५२६ करदाताहरुलाई प्रत्यक्ष परोक्ष रुपमा सेवा पुऱ्याइरहेको छ। चितवन जिल्लाको भरतपुर उपमहानगरपालिका वडा नं. १० मालपोत चोक नजिकै यस कार्यालयको भवन रहेको छ। मूल भवन १ तथा पुरानो भवन १ गरी जम्मा २ वटा भवन रहेका छन् भने आन्तरिक राजस्व विभागको केन्द्रिय स्टीकर गोदाम यसै कार्यालयमा रहेको छ। करदाता मैत्री वातावरण सिर्जना गर्ने, उत्कृष्ट करदाता सेवा प्रदान गर्ने, कार्यालयको निर्दिष्ट वार्षिक राजस्व संकलन लक्ष्यका साथै वार्षिक कार्यगत लक्ष्यहरु पूरा गर्ने, सूचना र तथ्याङ्कमा आधारित अनुसन्धानात्मक क्रियाकलाप मार्फत राजस्व चुहावट नियन्त्रण गर्ने, कर कानुनको प्रभावकारी कार्यान्वयन गर्ने, करपरीक्षण कार्यलाई जोखिममा आधारित र गुणात्मक बनाउने यस कार्यालयको लक्ष्य रहेको छ। आयकर तर्फ जम्मा ३६१४५ करदाता, मू.अ.करमा दर्ता कर दाता संख्या ६३८१ र अन्तशुल्क तर्फ ३५४१ करदाता रहेका छन्। यस कार्यालयको समग्र राजस्वमा करीब ८५ प्रतिशत अन्तःशुल्कको योगदान रहेको छ। यस कार्यालयको कार्यक्षेत्र अर्न्तगत ४ वटा ब्रुअरी ८ वटा मदिराको टिष्टिलरी रहेका छन् जस मध्ये ३ वटा (ओम डिष्टिलरी, श्री डिष्टिलरी र माइलेष्टोन डिष्टिलरी) बन्द रहेका छन्। सूर्ति उद्योगहरु ११ वटा र चुरोट कारखाना २ वटा रहेका छन्।

## दरबन्दी तथा पदपूर्तिको अवस्थाः


कार्यालयको दरबन्दी तथा पदपूर्तिको व्यवस्थ देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| पद | सेवा समूह | श्रेणी | दरवन्दी | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|
| प्रमुख कर अधिकृत | प्रशासन,राजस्व | रा.प.दि्तिय | १ | १ | |
| कर अधिकृत | प्रशासन,राजस्व | रा.प.तृतीय | ९ | ९ | |
| सहायक खाध गुण नियन्त्रक | कृषि | रा.प.तृतीय | १ | | |
| कम्प्युटर अधिकृत | विविध | रा.प.तृतीय | १ | १ | |
| लेखा अधिकृत | प्रशासन, लेखा | रा.प.तृतीय | १ | १ | |
| ना.सु. | प्रशासन ,राजस्व, | रा.प.अनं.प्रथम | १८ | ९ | |
| टा.ख. | प्रशासन. | रा.प.अनं.द्वितीय | | १ | फाजिल |
| ह.स.चा. | श्रेणीविहिन | श्रेणीविहिन | | १ | फाजिल |
| का.स. | श्रेणीविहिन | श्रेणीविहिन | | ६ | फाजिल |
| जम्माः | | | | २९ | |

माथि प्रस्तुत तालिकाको अतिरिक्त डा.इ.सु. ४, ह.स.चा १, का.स. ४ गरी जम्मा ९ जना करार सेवामा लिई कार्य सम्पादन गराइएको छ।

## कार्यालयको कार्यप्रवाह तालिकाः

कार्यालयको कार्याप्रवाह तालिका देहाय अनुसार रहेको छ।




## लक्ष्य तथा प्रगतिः

यस कार्यालयको विगत ३ वर्षको राजस्व लक्ष्य र असूली देहाय अनुसार रहेको छ।

| आ.व. | राजस्व लक्ष्य (रू हजारमा) | असूली प्रगति (रू हजारमा) | प्रगति प्रतिशत |
|---|---|---|---|
| २०६९।०७० | ६५४३९४५ | ६७३५२५७ | १०३ |
| २०७०।०७१ | ८२६४४८६ | ८३९६५७४ | १०१.६ |
| २०७१।०७२ | ९२९४१५८ | ९९६३९२१ | १०७.२ |

चालु आ.व. २०७२/०७३ को असोज महिनासम्म हासिल गरेको राजस्व संकलनको लक्ष्य र प्रगति देहाय अनुसार रहेको छ।

| शीर्षक | लक्ष्य (रु. हजारमा) | असुली (रु. हजारमा) | प्रगति प्रतिशत |
|---|---|---|---|
| आयकर | १५१४०६ | २३०१७१ | १५२ |
| घर वहाल कर | १६९३१ | २०६४० | १२२ |
| व्याज कर | १८२३६ | १८१६४ | ९९.६ |
| मू.अ.कर | २११४९८ | २६५२९१ | १२५ |
| शिक्षा सेवा कर | ३०३९ | ४०४३ | १३३ |
| अन्तःशुल्क | २४५२२०१ | १७६३२५८ | ७२ |
| स्वास्थ्य सेवा कर | ३१७३४ | १२९५८ | ४१ |
| जम्मा | २८८५०४५ | २३१४५२६ | ८० |


अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं।

### सम्पादन गरिएका मुख्य कार्यहरु

- करदाताको सुविधा, दायरा विस्तार र कर कर कानुनको पालनाको लागि Help Desk को व्यवस्था
- नागरिक वडापत्रको व्यवस्था गरिएको
- छुट्टै कम्प्युटरको व्यवस्था गरी करदातावाट आफै विवरण प्रविष्ट गर्ने व्यवस्था मिलाइएको ।
- करदाताले खोजेको कर सम्वन्धी विषय र कार्यक्षेत्र भित्र रोजेको स्थानमा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने गरिएको ।
- शत प्रतिशत करदाताको विद्युतीय माध्यमवाट विवरण पेश भएको ।
- मू.अ.कर ऐन २०५२ को दफा ९(३) को Issue बाट VAT Assessment गरिएको ।

करको दायरा विस्तार गर्न घुम्ती टोली परिचालन गरिएको, विभिन्न अन्तरक्रिया तथा कर चेतनाका क्रियाकलापहरु सम्पन्न भएका छन् । E-TDS तथा Online Submission का लागि e-help desk मार्फत सहजीकरण सेवा पुऱ्याइएको छ । गुणस्तरीय कर परीक्षण तथा अनुसन्धान, बजार अनुगमन तथा विभिन्न क्षेत्रगत जोखिम विश्लेषण गरी कर चुहावट रोक्ने प्रयास गरिएको छ । कर संकलन कार्यतर्फ वक्यौता रकम असुल गर्न कानूनी कार्वाहीको प्रकृया अघि बढाइएको छ ।

### समस्याहरु:

- अन्त:शुल्क तर्फ भौतिक नियन्त्रणमा आधारित वियर तथा मदिरा उद्योगको अनुपातमा ना.सु. तहका कर्मचारी न्यून रहेको ।
- कार्यालयको भवन सांगुरो भएको, नयां भवन निर्माण गर्नुपर्ने, कर्मचारी आवास नभएको ।
- अन्त:शुल्क तर्फ केन्द्रिय स्टीकर गोदाम व्यवस्थापनका लागि थप जनशक्ति करारमा लिनुपर्ने ।
- फायलीङ व्यवस्थापन सांगुरो र अव्यवस्थित भएको ।
- हाल इन्धन अभाव लगायत कारणले बजार अनुगमनमा असहज अवस्था श्राृजना भएको ।

### प्रयासहरु

- मू.अ.कर Non Filler सम्वन्धि करदाताहरुलाई निरन्तर फोन गरी कर विवरण दाखिला गर्न अनुरोध गरिएको ।
- कार्यगत लक्ष्यहरु प्राप्तिका लागि प्रयासरत रहेको
- यस कार्यालयले वाणिज्य संघ, प्रशासन तथा अन्य सम्बन्धित निकायकरुसंग समन्वय गरि कार्यसम्पादन गर्दै आइरहेको
- करदाता मैत्री कर प्रशासन, सुशासन र समृद्धि हाम्रो अभियान सफल बनाउन कार्यालयले उपलब्ध जनशक्ति ।भौतिक साधन तथा सूचना प्रविधिको अत्याधिक उपयोग गरी उत्कृष्ट कार्य सम्पादन गर्न प्रतिवद्ध छ ।

### अन्य निकायसंगको अपेक्षा

**(क) विभागसंग:**

- ना.सु. स्तरका कर्मचारी तुरुन्त पूर्ति गर्न आवश्यक रहेको ।
- अनुभवी र नयां कर्मचारीको संयोजन हुने गरी सरुवा तथा पदस्थापन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- केन्द्रिय स्टिकर गोदाम व्यवस्थापनका लागि थप कर्मचारी व्यवस्था हुनुपर्ने ।
- आवश्यकता अनुसार कार्यस्थलमै तालिम दिने व्यवस्था हुनु पर्ने ।
- कर्मचारी आवास तथा कार्यालयको नयां भवन निर्माण गर्न वजेट व्यवस्था गरि दिनुपर्ने ।

**(ख) करदातासंग**

- समयमा आफ्ने वास्तविक कारोवारको घोषणा गर्ने र कर तिर्ने कर कानुनको पूर्ण रुपमा पालना गर्ने
- करदाता शिक्षाको आवश्यकता भएमा माग गरी करदाता शिक्षाबाट कर सहभागिता बृद्धि गर्ने

**(ग) स्थानीय प्रशासन उद्योग वाणिज्य संघ, पेशागत संघसंग:**

- कर कानुनको पालना नगर्ने, कर सहभागिता नजनाउने उपर हुने कानूनी कारवाहीमा सहयोग गर्ने ।
- दर्ता हुने, कर तिर्ने लगायतका कार्यमा सहयोग गर्ने ।
- आवश्यक परेमा सुरक्षाको प्रत्याभूति दिने ।

## मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी सूचना

**मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालार्य अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्काले जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।**

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौं

# आन्तरिक राजस्व कार्यालय, हेटौंडा




## स्थापना

यस कार्यालयको स्थापना वि.सं. २०५८ सालमा भएको हो । नेपाल सरकारले २०५८ सालमा तत्कालिन कर विभाग तथा मूल्य अभिवृद्धि कर विभाग एकिकरण गरी आन्तरिक राजस्व विभागको स्थापना गरेसंगै यस कार्यालयको स्थापना भएको हो ।

कार्यालयको अवस्थिति तथा कार्यक्षेत्र:


- नारायणी अञ्चलस्थित मकवानपुर जिल्ला अन्तर्गत रहेको १ उपमहानगरपालिका, १ नगरपालिका र ३५ गा.वि.स. यस कार्यालयको कार्यक्षेत्र हो । यस कार्यालय स्थापना कालदेखि नै हेटौंडा उपमहानगरपालिका वडा नं. १० वस पार्कमा रहेको छ। यस कार्यालयले एक विगाहा तीन कट्ठा जमिन चर्चेको छ । जसमा एउटा मुख्य प्रशासनिक भवन तथा तीन वटा पुराना कर्मचारी आवास रहेका छन् । हेटौंडा बसपार्कस्थित १४ कोठाको दुई तले भवनवाट सार्वजनिक सेवा दिई रहेकोमा २०७२ वैशाख १२ र २९ गतेको महाभूकम्पवाट माथिल्लो तला चर्केर कर्मचारी बसेर सेवा दिन कठिनाई भएको हुँदा कार्यालय प्रमुख कार्यकक्ष, आर्थिक प्रशासन शाखा र अन्य एक कोठा समेत तिन वटा कोठा प्रयोग गर्न सकिने अवस्थामा रहेका छन् । सम्पूर्ण सार्वजनिक सेवा भुई तलावाट मात्र प्रदान गर्नु परेको हुँदा दैनिक कार्य संचालनमा केही असहज अवस्था रहेको छ ।
- यस कार्यालयले आ.व. २०७१/०७२ सम्म करिव ११ हजार ६ सय ६८ व्यवसायिक र १२ हजार १ सय ५२ व्यक्तिगत स्थायी लेखा नम्वर लिएका करदाताहरुलाई प्रत्यक्ष तथा परोक्ष रुपमा सेवा दिई रहेको छ ।
- कार्यालयको अधिकांश क्षेत्र पहाडि विकट रहेको कारणले करदाताहरुलाई अपेक्षित रुपमा प्रभावकारी सेवा प्रदान गर्न सकिएको छैन, तथापी करदाताहरुलाई राज्यले प्रदान गरेका सेवा तथा सुविधा र कर प्रशासन सम्वन्धमा जानकारी गराउनको लागि घुम्ति सेवा प्रदान गर्ने, समय समयमा करदाताहरुसँग उनीहरुलाई पायक पर्ने स्थानमा गई कर संकलन, स्थायी लेखा नं. प्रदान तथा अन्तर्क्रिया एवं छलफल गर्ने गरिएको छ ।

## दरबन्दी र पदपूर्ति

| पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | करारबाट पूर्ति | फाजिलबाट पूर्ति |
|---|---|---|---|---|
| प्रमुख कर अधिकृत | १ | १ | ० | ० |
| कर अधिकृत | ६ | ६ | ० | ० |
| कम्प्युटर अधिकृत | १ | १ | ० | ० |
| ना.सु. | १० | ८ | ० | ० |
| टा.ना.सु | १ | १ | ० | १ |
| डा.इ.सु | ० | ० | २ | ० |
| लेखापाल | १ | ० | ० | ० |
| सवारी चालक | ० | ० | ० | २ |
| कार्यालय सहयोगी | ० | ० | ० | ५ |
| जम्मा | २० | १७ | २ | ८ |

## कार्यप्रवाह तालिका:

कार्यालयको शाखागत कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । कार्ययोजना अनुसारका उपलब्धिहरुको पाक्षिक रुपमा प्रगति समीक्षा गर्ने गरिएको छ । यसबाट कार्यात्मक लक्ष्य हासिल हुनमा सहयोग पुगेको छ । कार्यालयको कार्यप्रवाह तालिका देहाय अनुसार रहेको छ ।




## वार्षिक बजेट तथा कार्यक्रम

यस कार्यालयको लागि आ.व. २०७१/०७२ मा चालु तर्फ रु. १ करोड ६७ लाख ८७ हजार वजेट विनियोजन भएकोमा रु. १ करोड ६३ लाख १६ हजार खर्च भएको छ भने पूंजीगत तर्फ रु. १० लाख वजेट विनियोजन भएकोमा रु. ९ लाख ९७ हजार खर्च भएको छ ।

## अभिलेख व्यवस्थापन

कार्यालयमा दर्ता रहेका करदाताहरुको दर्ता भए देखिका सम्पूर्ण कागजातहरुलाई स्थायी लेखा नं. को क्रम मिलाई फाईल राखिएकोमा विगत दुई वर्षदेखि उक्त अनुसारको क्रम मिलाउन नसकिएकोले दर्ता मिति अनुसार फाईलहरु राखिएको छ ।

## लक्ष्य तथा प्रगती

यस कार्यालयको आ.व. २०७१/०७२ को राजस्व लक्ष्य र प्रगती देहाय अनुसार रहेको छ ।

| राजस्व शीर्षक | २०७१/०७२ | | |
|---|---|---|---|
| | वार्षिक लक्ष्य | संकलन | संकलन प्रतिशत |
| आयकर | २८६३४२ | २८०७९४ | ९८।०६ |
| बहालकर | २३५७४ | १४५५२ | ६१।७३ |
| ब्याज कर | ११५१९ | १२७२३ | ११०।४६ |
| मू.अ.कर | ३४३३६४ | ३२५००२ | ९४।६५ |
| अन्त:शुल्क | १०९२८३५ | ११७७४६५ | १०७।७४ |
| शिक्षा सेवा शुल्क | २५८९ | २७५० | १०६।२३ |
| स्वास्थ्य सेवा कर र अन्य | ४१५ | १८२ | ४३।७५ |
| जम्मा | १७६०६३८ | १८१३४६९ | १०३।०० |

## विगत तीन वर्षको राजस्व लक्ष्य र संकलनको प्रवृति:


अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं ।

| राजस्व शीर्षक | २०६९/०७० | | | २०७०/०७१ | | | २०७१/०७२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | संकलन | संकलन प्रतिशत | लक्ष्य | संकलन | संकलन प्रतिशत | लक्ष्य | संकलन | संकलन प्रतिशत |
| आयकर | २४८९१४ | २५५४०४ | १०२।६१ | २९८८१८ | २५२५२८ | ८४।५१ | २८६३४२ | २८०७९४ | ९८।०६ |
| बहालकर | ९४१७ | १००७३ | १०६।९७ | १२२७३ | १३५४३।४१ | ११०।३५ | २३५७४ | १४५५२ | ६१।७३ |
| ब्याजकर | १४००१ | १४५५४ | १०३।९५ | १६९३५ | ११०१२।०८ | ६५।०३ | ११५१९ | १२७२३ | ११०।४६ |
| मू.अ.कर | ३०९९६३ | ३४९७२७ | ११२।८३ | ४१००६७ | ३६८९३१ | ८९।९७ | ३४३३६४ | ३२५००२ | ९४।६५ |
| अन्त:शुल्क | ८१४७९५ | १०८५२२३ | १३३।१९ | १३४८२४४ | १२८८२५१ | ९५।५५ | १०९२८३५ | ११७७४६५ | १०७।७४ |
| हिक्षा सेवा शुल्क | १२८० | १४१५ | ११०।५५ | १९४१ | २१६९।१६ | १११।७५ | २५८९ | २७५० | १०६।२३ |
| स्वास्थ्य सेवा कर | ० | ३०२ | ० | २८२ | ३५८।६४ | १२७।१८ | ४१५ | १८२ | ४३।७५ |
| विविध | ० | ० | ० | ० | ३१ | ० | ० | ० | ० |
| जम्मा | १३९८३७० | १७१६६९८ | १२२।७६ | २०८८५६० | १९३६८२४ | ९२।७३ | १७६०६३८ | १८१३४६९ | १०३।०० |

## आ.व. २०७१/०७२ को कार्यात्मक लक्ष्य प्राप्तिको अवस्था

| शाखा | कार्य सम्पादन प्रतिशत | ग्रेडिङ |
|---|---|---|
| कर परीक्षण तथा अनुसन्धान शाखा | १०५.६२ | A++ |
| संकलन शाखा | ८७.०३ | A+ |
| करदाता सेवा शाखा | ८९.९३ | A+ |

## सम्पन्न भएका मुख्य कार्यहरु :

- करदाताको कर सम्वन्धी समस्याहरुलाई सुल्झाउदै हरेक वर्ष नेपाल सरकारले सार्वजनिक गरेको वजेट वक्तव्यसंगै सार्वजनिक गरिने आर्थिक ऐनले करदाताहरुलाई प्रदान गर्ने गरेको सुविधा वा छुट तथा कर प्रशासन सम्वन्धी पछिल्ला गतिविधिहरुको जानकारीको लागि मकवानपुर जिल्लाको विभिन्न स्थानमा गई करदाता शिक्षा, व्यवसायी तथा करदाताहरुसंग गरिने अन्तरक्रिया तथा छलफल कार्यक्रमवाट कर चेतनाको विस्तार गर्ने गरिएको छ ।
- मकवानपुर जिल्लाका सम्पूर्ण सरकारी तथा सार्वजनक संस्थानका स्थानीय कार्यालयहरु एंव क्याम्पसका लेखापालहरुलाई TDS र e-TDS सम्वन्धी प्रशिक्षण प्रदान गरिएको ।
- उद्योग वाणिज्य संघ मकवानपुरको सहयोगमा कार्यालयमा सेवाग्राहीको लागि सहायता कक्ष संचालन गरिएको ।
- शिक्षा सेवा करको दायरामा रहेका सम्पूर्ण विद्यालयहरुका प्रधानाध्याक र लेखापालहरुसंग चार वटा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको ।
- यस जिल्लाको थाहा नगरपालिकाको पालुङ वजार तथा मनोहरी गा.वि.स.मा समय समयमा कार्यालयवाट टोली गई कर संकलन गर्ने, स्थायी लेखा नं. तथा अन्त:शुल्क ईजाजत पत्र प्रदान गर्ने गरिएको छ ।
- नेपाल निर्माण व्यवसायी संघ, मकवानपुरले आयोजना गरेको औद्योगिक व्यापार मेलामा कार्यालयको एउटा छुट्टै स्टल राखी कर सम्वन्धी जानकारी गराएको ।
- कार्यालयको हाता भित्र LED Television मार्फत Visual नागरिक वडा पत्रको व्यवस्था गएिको छ ।

## कार्य सम्पादनको क्रममा देखिएका समस्याहरु :

- कार्यालयको भवन मिति २०७२ वैशाख १२ र २९ गते आएको महाभूकम्पवाट कार्यालय भवनमा केही क्षति पुगेकोले करदाता मैत्री सेवा प्रवाहमा कठिनाई भएको ।
- भौतिक श्रोत साधनहरु जस्तै कर्मचारी आवास गृह जिर्ण रहेको, चमेना गृहको अभाव एवं सवारी साधन जिर्ण अवस्थामा रहेको ।
- राजस्व संकलनलाई सहज वनाउन कार्यालय परिसरमा बैंक काउण्टर अति आवश्यक रहेको ।

## आगामी दिनमा गर्नु पर्ने सुधारहरु :

- कार्यालय तथा कर्मचारी आवासको संरचनाहरु थप गर्नु पर्ने । राजस्वको दायरा वढाउन सकिने संभावित क्षेत्रहरुको पहिचान गरी दायरा विस्तार गर्ने ।
- लक्ष्य अनुरुप राजस्व संकलन गर्न वजार अनुगमनलाई तिव्रता दिईने ।
- उद्योग वाणिज्य संघको सहयोगमा संचालित सहायता कक्षलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- विद्यालय, कजेज, सरकारी कार्यालयहरु तथा गैर सरकारी संस्था समेतको जोखिम विश्लेषण गरी छनौटको आधारमा अग्रिम कर कट्टिको परीक्षण गरिनेछ ।
- करको दायरा विस्तार गर्न बजार अनुगमनमा जोड दिइने छ ।
- नन् फाइलर संख्या घटाउन मुख्य गरी उद्योग वाणिज्य संघ र निर्माण व्यवसायी संघवाट समेत सहयोग लिई कार्ययोजना वमोजिम कार्य गरिनेछ ।
- कार्यालयको कार्यगत लक्ष प्राप्ति गर्न वार्षिक व्यवसायिक कार्ययोजना वमोजिम कार्य गरिनेछ ।

## अन्य निकायहरुसंगको अपेक्षा

- घरबहाल सर्भेक्षण तथा संकलन गर्ने कार्यको लागि हेटौंडा उपमहानगरपालिकासंग समन्वयको अपेक्षा गरिएकोछ ।
- उद्योग वाणिज्य संघको सहकार्यमा Business PAN दर्ता गर्ने, E-Filling गर्ने तथा Mismatch मा परेका करदाताहरुलाई सूचना प्रवाह गर्ने कार्यमा सहयोगको अपेक्षा गरिएको छ ।
- होटल व्यवसायी संघको समन्वयमा मदिरा सम्वन्धी कार्य गर्ने होटलहरुलाई मदिराको इजाजत पत्र जारी/नविकरण गर्न लगाउने ।
- नयाँ घोषणा भएका नगरपालिकासँग समन्वय गरी नगरपालिकालाई लागू हुने विभिन्न करको व्यवस्था सम्वन्धमा करदातालाई जानकारी गराउने ।
- संयुक्त उपक्रममा दर्ता रहेका करदाताहरु Non-filer रहने प्रवृत्ति वढ्दै गएकोले समयमै विवरण पेश गर्न र दर्ता खारेजीको लागि निर्माण व्यवसायी संघको आवश्यक सहयोगको अपेक्षा गरिएको छ ।

## विभागसंगको अपेक्षा

- कार्यालयको जिर्ण रहेको भौतिक पूर्वाधारहरु मर्मत तथा निर्माणको लागि आवश्यक वजेटको व्यवस्था ।
- सवारी साधनको व्यवस्था ।
- कर्मचारीहरुको सशक्तिकरणको लागि विभिन्न किसिमका पुनर्ताजकी तालिमहरुको व्यवस्थाको अपेक्षा गरिएको छ ।

# करदाता सेवा कार्यालय, नयाँ वानेश्वर




## परिचय

आर्थिक गतिविधिको विकास एवं विस्तार करदाताको पहुँच र कार्यबोझको अनुपात आदिलाई मध्यनजर गर्दै आन्तरिक राजस्व विभाग र मातहत कार्यालयको संरचना समयानुकूल परिवर्तन गर्ने अभिप्रायले आर्थिक बर्ष २०६६/०६७ को बजेट बक्तब्यले निर्दिष्ट गरेको राजस्व नीति, उद्देश्य तथा रणनीति अनुरुप राजस्व प्रशासनलाई सवल, सक्षम र सुदृढ तुल्याई राजस्व संकलनमा बढोत्तरी ल्याउनका लागि करदाता मैत्री व्यवहारको प्रवर्द्धन र कर प्रशासनमा करदाताको सहज पहुँच, करदातालाई छिटो छरितो र गुणस्तरीय सेवा प्रदान गर्ने, करदाताको अनुगमनमा प्रभावकारिता ल्याउने र करदाताको पहुँच विस्तार गर्ने तथा राजस्व प्रशासनलाई अभ्र बढी चुस्त, सरल, पारदर्शी र करदातामैत्री बनाउने अभिप्रायले मिति २०६८।०१।२६ मा करदाता सेवा कार्यालय, नयाँ वानेश्वरको स्थापना भएको हो।

यस कार्यालयको कार्यक्षेत्र काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. १० र ३४ रहेको छ। यस कार्यालयको कार्य संचालनको लागि का.म.न.पा. वडा नं. १० मा अन्तराष्ट्रिय सम्मेलन केन्द्रको पश्चिम गेट अगाडि नयाँ वानेश्वरमा कार्यालय संचालनको लागि भाडामा लिई कार्यालय संचालन गर्दै आइरहेको छ। कार्यालयको आफ्नै भवन नहुँदा स्थानको अपर्याप्तता रहेको छ।

यस कार्यालयको कार्य संचालनको लागि स्वीकृत दरवन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

## दरवन्दी तथा पदपूर्तिको अवस्था

| स्थायी | | | |
|---|---|---|---|
| सि.नं. | पदको नाम | स्विकृत दरवन्दी संख्या | पदपूर्ति |
| १ | प्रमुख कर अधिकृत | १ | १ |
| २ | कर अधिकृत | ८ | ७ |
| ३ | शाखा अधिकृत | १ | १ |
| ४ | कम्प्युटर अधिकृत | १ | १ |
| ५ | ना.सु | ७ | ३ |
| ६ | लेखापाल | १ | १ |
| ७ | टा.ना.सु | | १ |
| ८ | कार्यालय सहयोगी | ३ | ३ |
| | जम्मा | १९ | १९ |
| करार | | | |
| १ | डा.इ.सू | ५ | ५ |
| २ | ह.स.चा | २ | २ |
| ३ | का.स. | २ | २ |
| | जम्मा | ९ | ९ |

हाल यस कार्यालयबाट १८८४५ करदाताले प्रत्यक्ष रुपमा सेवा लिइरहेका छन्। जसमध्ये व्यक्तिगत स्था.ले.नं. दर्ता आयकरमा ९५०१, मू.अ.करमा समेत ७४१५ करदाता दर्ता रहेका छन्। आ.ब.२०६६/०६७ देखि आय विवरण मू.अ.कर विवरण तथा अन्तःशुल्क विवरण Online पेश गर्ने व्यवस्था भए अनुरुप करदाताले आफ्नो आय विवरण, मू.अ.कर विवरण तथा अन्तःशुल्क विवरण e-filing पद्दति अनुसार स्वंय पेश गर्ने गरेका छन्। जसअनुसार आ.व. २०७१/०७२ Online आय विवरण पेश गर्ने करदाताको संख्या ७७८९ थियो। आ.व. २०७२/०७३ को भाद्र महिनासम्ममा Online आय विवरण पेश गर्ने करदाताको संख्या १३५८ पुगेको छ। यसरी Online आय विवरण पेश गर्ने संख्या क्रमशः वढ्दै गइरहेको छ।

## कार्यप्रवाह तालिका :

यस कार्यालयबाट सम्पादन गरिने करदाता सेवा शाखा, संकलन शाखा र करपरीक्षण तथा अनुसन्धान शाखाका कार्यहरुलाई प्रभावकारी ढंगबाट संचालन गर्न र करदातालाई छिटो छरितो सेवा प्रदान गर्नको लागि कार्यालयका प्रत्येक अधिकृत तथा कर्मचारीहरुलाई कार्य जिम्मेवारी तोकिएको र सोही बमोजिम कार्यसंचालन भएको छ। कार्यालयको कार्यप्रवाहलाई देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।



## बार्षिक बजेट तथा कार्यक्रम

चालु आर्थिक बर्षमा यस कार्यालयको लागि चालु ब.उ.शि.नं ३०५०२१३ तर्फ रु. १ करोड ६५ लाख ५९ हजार र पूँजीगत ब.उ.शि.नं ३०५०२१४ तर्फ रु.२० लाख समेत गरी जम्मा रु.१,८५,५९,००० बजेट विनियोजन भएको छ। सो विनियोजित बजेट मध्ये असोज महिनासम्ममा चालुतर्फ रु. ३० लाख ९२ हजार खर्च भएको छ भने पूँजीगत तर्फ भएको छैन। यसै बिनियोजित बजेटको अधिनमा रही यस सेवा कार्यालयले बिभिन्न गतिबिधी एवं कार्यक्रमहरु संचालन गर्दै आएको छ। यस कार्यालयमा दर्ता हुन आएका करदाताहरुको फाइलहरुलाई चाहेको बेलामा तुरुन्त निकाल्न सकिने गरी कम्प्युटर प्रणालीमा (Computer System) मा प्रविष्ट गरी लोकेशनमा चुस्त, दुरुस्त र पारदर्शी तरिकाबाट व्यवस्थित गरि राखिएको छ। त्यसै गरी कार्यात्मक लक्ष्य अनुसार सम्पादन गरिएका कार्यहरुको अभिलेख पनि व्यवस्थित गरि राखिएको छ।

## राजस्व संकलन लक्ष्य असुलीको अवस्था

राजस्व संकलनको लक्ष्य असुली तर्फ


कर छलीको सूचना कर प्रशासनलाई दिई कर असुल गर्न सहयोग गरौं।

विश्लेषण गर्दा यस कार्यालयको लागि आ.व. २०७२।२०७३ को राजस्व संकलनको वार्षिक लक्ष्य रु. रु १ अर्व ५३ करोड ८० लाख ५१ हजार तोकिएकोमा भाद्र महिनासम्ममा रु. ३५ करोड ७० लाख संकलन भइ लक्ष्यको तुलनामा १३२ प्रतिशत प्रगती हासिल भएको छ। राजस्व संकलनको बिगत ३ बर्षको प्रवृत्ति देहाय अनुसार रहेको छः

### तीन वर्षको राजस्व संकलनको प्रबृत्ति

रु. हजारमा

| आ.ब. | २०६९।०७० | २०७०/०७१ | २०७१/०७२ |
|---|---|---|---|
| लक्ष्य | १४५०६९६ | १७०११७९ | १४१५२१८ |
| संकलन | १५१८२७५ | १७७१०४१ | १४६०४२४ |
| प्रतिशत | १०४.६५५ | १०४.१०५ | १०३.१९५ |

### चालु आ.ब. को राजस्व संकलनको लक्ष्य र प्रगति

| राजस्व शिर्षक | बार्षिक लक्ष्य | भाद्र महिना सम्मको लक्ष्य | भाद्र महिना सम्मको प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| आयकर | ७६६२०३ | ८३३०५ | ९५९०४ | ११५ |
| घर बहाल कर | ७५४२३ | १४८८६ | १६०८८ | १०८ |
| ब्याज कर | ८४४२१ | २०००१ | ३२६६४ | १६३ |
| मू.अ.कर | ५५३८१६ | १३४४२३ | २०१५५३ | १४९ |
| अन्त:शुल्क कर | ५८२२ | २५३१ | ३१९४ | १२६ |
| स्वास्थ्य सेवा कर | २७२८७ | ७८१५ | ३१९५ | ४० |
| शिक्षा सेवा कर | २५०७९ | ७०६३ | ३६५३ | ५१ |
| जम्मा | १५३८०५१ | २७००२४ | ३५७०११ | १३२ |

### कार्यालयवाट सम्पादन गरिएका कार्यहरु

आ.व. २०७१।०७२मा यस कार्यालयमा वेरुजु फछ्यौट गर्नको लागि प्राप्त बेरुजु लक्ष्य रु. १ करोड १० लाख ५८ हजार रहेकोमा सो मध्ये यस कार्यालयलले ८० लाख ३६ हजार सम्परीक्षण भई वेरुजु फछ्यौट भएको छ । करदातालाई कर सम्बन्धी बिषयमा जानकारी दिनको लागि करदाता शिक्षा, पुस्तिका बितरण गर्ने गरिएको जसमा मू.अ.कर दर्ता हुनु पर्ने अवस्था, विवरण र कर दाखिला, मू.अ.कर दर्ता खारेजी, आयकर र स्थायी लेखा नं. विवरण दाखिला, कर दाखिला, भूक्तानीमा करकट्टी गरिनुपर्ने दर, शिक्षा सेवा कर, स्वास्थ्य सेवा कर, अन्त:शुल्क, राजस्व दाखिला गर्ने शीर्षकहरु, करदाताको अधिकार र कर्तब्यहरु सम्बन्धमा जानकारी मूलक सूचनाहरु उपलब्ध गराइएको छ ।

### कार्यालयको दैनिक कार्यसम्पादनमा आइपरेका समस्याहरु

(क) साना करदाताहरुमा कम्प्युटर सम्बन्धी ज्ञानको अभाव भएकोले आय विवरण र मू.अ.कर विवरण भर्ने क्रममा त्रुटिपूर्ण विवरणहरु भर्ने र पछि सच्चाई पाऊँ भन्ने निवेदन दिने तथा कतिपय करदाताहरुको विवरण कर्मचारीहरुले नै भरिदिनु पर्ने अवस्थाले कार्यबोझ बढ्न गएको तथा कतिपय करदाताहरुमा सूचना प्रबिधिको पहूँच नभएको अवस्थामा Online Service मा केही समस्या परेको छ । करदातालाई कर कानुन सम्बन्धी विषयमा आवश्यक जानकारी नहुँदा कर सहभागिता अपेक्षाकृत रुपमा वृद्धि हुन सकेको छैन ।

(ख) पुराना आयकर बक्यौता असुली गर्नको लागि करदाताको ठेगानामा पत्राचार गर्दा उक्त व्यक्ति फेला नपरेको भनी पत्र फिर्ता आउने, टेलिफोन सम्पर्क नहुने, फर्मको सम्बन्धित ठेगानामा कर्मचारीहरु जाँदा फेला नपर्ने अवस्थाले गर्दा पुराना बक्यौताहरु संकलन गर्ने कार्य चुनौती पूर्ण देखिन्छ ।

(ग) Non-Filler को संख्या घटाउन पुराना करदाताहरुलाई सम्पर्क गर्दा सम्पर्क नं. तथा ठेगाना पत्ता नलागेका करदाताको ठेगानामा पत्राचार गर्दा उक्त व्यक्ति फेला नपरेको भनि पत्र फिर्ता आउने, टेलिफोन सम्पर्क नहुने, फर्मको सम्बन्धित ठेगानामा कर्मचारीहरु जाँदा फेला नपर्ने अवस्थाले गर्दा Non Filler लक्षित प्रतिशतमा झार्ने कार्य चुनौति पूर्ण देखिन्छ ।

### समस्या समाधानका लागि गरिएका प्रयास

विभिन्न व्यवसायी संघहरुको समन्वयमा करदाताले चाहेकै स्थान र समयमा करदाता शिक्षा कार्यक्रम संचालन गरी कर सम्बन्धि जानकारी प्रदान गर्ने गरिएको । बक्यौता असुली गर्न र Non Filler घटाउनका लागि व्यवसायी संघ मार्फत पहल गरिएको। कार्यलयको Help Desk मा कर्मचारी राखि करदातालाई आवश्यक सहयोग गर्न आफुले लिनुपर्ने सेवा र सो सेवा प्राप्त गर्नुपर्ने शाखाका वारेमा जानकारी दिई सहज रुपमा सेवा प्रवाह गरिएको । विवरण भर्न नजान्ने साना करदाताहरुको लागि कार्यलयकै कर्मचारीहरुबाट कम्प्युटरमा विवरणहरु प्रविष्ट गर्ने व्यवस्था गरिएको छ ।

### आगामी दिनमा गर्नुपर्ने सुधार

राजस्व संकलनको थप सम्भाव्यता बिश्लेषण गरी कार्ययोजना बमोजिमको लक्ष्य अनुरुप राजस्व संकलन गर्ने । बक्यौता संकलनमा थप जोड दिइ अटेर गर्ने करदातालाई कानुनी कारवाही गरेर बक्यौता संकलन गर्ने । बेरुजु न्यूनिकरणमा जोड दिने। बजार तथा करदाताको कारोबार स्थल अनुगमनलाई निरन्तरता दिने। Non Filler को सख्या घटाउनको लागि लेखा परिक्षक, कर सहयोगीहरुसंग सम्पर्क समन्वय गर्ने । घर बहाल करको दायरा विस्तारमा जोडदिने, करदाताको विवरण अद्यावधिक गर्ने र करपरीक्षण तथा अनुसन्धानलाई थप प्रभावकारी बनाउने ।

## नेपाल सरकार
## अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभागको
# कर विवरण तथा कर दाखिला गर्ने म्याद थप गरिएको सम्बन्धी सूचना

करदाताहरुले सहज रुपमा कर बुझाउन सक्ने अवस्था नरहेकोले कर विवरण बुझाउने म्याद तपसील बमोजिम थप गरिएको व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

<table>
<tr><td>आय वर्ष २०७१/०७२ को आय विवरण र सो अनुसारको आयकर बुझाउने</td><td rowspan="6">२०७२ साल कात्तिक २५ गतेसम्म</td></tr>
<tr><td>मूल्य अभिवृद्धि कर र अन्त:शुल्कतर्फ २०७२ भाद्रको तथा शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करतर्फ २०७१/०७२ को तेस्रो चौमासिक विवरण र सो अनुसारको कर बुझाउने</td></tr>
<tr><td>२०७२ श्रावण र भाद्रको अग्रिम कर कट्टीको कर विवरण र सो अनुसारको कर बुझाउने ।</td></tr>
<tr><td>आयकर ऐन, २०५८ को दफा ९८ बमोजिम आयविवरण बुझाउने म्याद थप लिने समय</td></tr>
<tr><td>२०७२ श्रावण महिनाको मूल्य अभिवृद्धि करको विवरण बुझाउने म्याद २०७२ असोज २५ गतेसम्म थप भएका करदाताहरुको पनि म्याद भित्र विवरण बुझाउन नसकेमा त्यस्तो कर विवरण र सो अनुसारको कर बुझाउने थप म्याद</td></tr>
<tr><td>कर छुट प्राप्त संस्थाले बुझाउनु पर्ने आय वर्ष २०७१/०७२ को वित्तीय विवरण तथा लाग्ने कर बुझाउने</td></tr>
</table>

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी
चन्द्रकला पौडेल
अर्जुनप्रसाद पोखरेल
लक्ष्मीप्रसाद यादव

**सम्पादन समूह**
सम्झना बराल
शिवलाल तिवारी
आनन्द काफ्ले
अर्जुनप्रसाद भट्टराई
प्रकाश शर्मा ढकाल